आज मिति २०८१ साल माघ १५ गते मङ्गलवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री गोपाल राई | |
| ५ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ६ | सदस्य | श्री राम प्रसाद राई | |
| ७ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ८ | सदस्य | श्री नविन राई | |
| ९ | सदस्य | श्री सन्तोष राई | |
| १० | सदस्य | श्री रोशन मगर | |
| ११ | सदस्य | श्री बालदिप राई | |
| १२ | सदस्य | श्री सुक माया राई | |
| १३ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |

प्रमुख प्रशासकीय अधिकृत
२०८१।१०।१५

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर
२०७३

०८१।१०।१५
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. गाउँपालिकाको प्रशासनीक भवनको चौथो रनिङ विल भुक्तानी सम्वन्धमा
२. आमचोक वडा नं -६ को वडा कार्यालय भवन निर्माणको अन्तिम विल भुक्तानी सम्वन्धमा
३. करार सेवामा सूचना प्रविधि अधिकृत नियुक्ति सम्वन्धमा
४. करार सेवामा स्काभेटर चालक नियुक्ति सम्वन्धमा
५. उद्यम विकास सहजकर्ताको लागि करार सेवामा विज्ञापन आह्वान सम्वन्धमा
६. सडक मर्मत सम्वन्धमा
७. ग्याबिन जाली उपलव्ध गराउने सम्वन्धमा
८. विद्यालयको कार्यलय सहयोगीलाई कामकाजमा खटाउने सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल भई मिति २०८०/०२/१६ मा ठेक्का नं:ARM/NCB/WORKS/01/2079-80 "CONSTRUCTION OF AAMCHOWK RURAL MUNICIPALITY ADMINISTRATIVE BUILDING" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र महतो ईम्पेरियल चेतना जे भि को बिच दुई पक्षिय सम्झौता भइ काम भइरहेको र निर्माण व्यवसायीबाट तेस्रो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन र हालसम्मको मुल्यांकन वमोजिम तपशिल अनुसारको भुक्तानि दिने ।

- सम्झौता रकमः रु. ८,५४,४७,७६०।४४ (मु अ क सहित)
- चौथो रनिङ बिलबाट आएको रकमः रु. ६३,५०,९०९।१३
- मु.अ.क (१३ %) : रु. ८,५२,६१८।१८
- जम्मा रकम मु अ क सहितः रु ७१,७६,५२७।३२
- कन्टिनजेनसि (३%) : रु.२,१५,२९५।८२
- जम्मा खर्च रकमः रु. ७३,९१,८२३।१४
- धरौटि कट्टि रकम(५%) : रु. ३,१७,५४५।४५
- अग्रिम आय कर (१.५%) : रु ९५,२६३।६३
- अन्य कर : रु २,४७,६८५।४५
- भुक्तानि हुने रकम : रु. ६५,१६,०३२।७८

**निर्णय नं.२**

प्रस्ताव नं २ माथि छलफल भई मिति २०८१/०३/२२ मा ठेक्का नं:ARM/NCB/WORKS/01/2079-80 "CONSTRUCTION OF WARD OFFICE BUILDING AT 6" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र मुकुल निर्माण सेवा भोजपुर बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसाय बाट अन्तिम रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन र मुल्यांकन वमोजिम तपशिल अनुसारको रकम भुक्तानि दिने ।

- सम्झौता रकमः रु. ६५,६६,२५९।८५ (मु.अ.क. सहित)
- अन्तिम रनिङ बिल बाट आएको रकमः रु. ५,०३,९८५।०४
- मु.अ.क. (१३ %) : रु. ६५,५१८।०६
- जम्मा रकम मु.अ.क. सहितः रु ५,६९,५०३।१
- कन्टिनजेनसि (३%) : रु.१७,०८५।०९
- जम्मा खर्च रकमः रु. ५,८६,५८८।१९
- धरौटि कट्टि रकम(५%) : रु. २५,१९९।२५२
- अग्रिम आय कर (१.५%) :रु ७,५५९।७७
- अन्य कर : रु १९,६५५।४१
- भुक्तानि हुने रकम : रु. ५,१७,०८८।६५

प्रमुख प्रशासकीय अधिकृत 2081/10/15

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

081/10/15 अशोक राई अध्यक्ष

**निर्णय नं.३**

प्रस्ताव नं ३ माथि छलफल भई आमचोक गाउँपालिकाको करारमा कर्मचारी छनौट समितिको मिति २०८१ माघ १३ गतेको सिफारीस र छनौट भएको उम्मेदवारको निवेदनको आधारमा इटहरी-५ सुनसरी निवासी श्री खेम प्रसाद पौडेलको छोरा श्री गिरीराज पौडेललाई सूचना प्रविधि अधिकृत (छैठौं तह) पदमा २०८२ असार मसान्त सम्म करारमा नियुक्त गर्ने ।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल भई आमचोक गाउँपालिकाको करारमा कर्मचारी छनौट समितिको मिति २०८१ माघ १३ गतेको सिफारीस वमोजिम आमचोक-७ भोजपुर निवासी श्री वल वहादुर मगरको छोरा श्री कमल मगरलाई स्काभेटर अपरेटर (श्रेणी विहिन) पदमा छनौट भएकोले स्काभेटर खरीद प्रकृया अन्तिम चरणमा पुगेकोले स्काभेटर खरीद भई दाखिला भएको मितिदेखि लागु हुने गरी २०८२ असार मसान्त सम्म करारमा नियुक्त गर्ने ।

**निर्णय नं.५**

प्रस्ताव नं ५ माथि छलफल भई गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको सहजकर्ता श्री सरोज वि.क.ले राजिनामा दिएको हुँदा उक्त पद रिक्त भएकोले कार्यविधि वमोजिम उद्यम विकास सहजकर्ता छनौट गर्ने ।

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई आमचोक १० को दारे गौंडा गरगरे ,धारापानी रातो गरगरे र सुन्तले कटहरे सडक मर्मत गर्नु पर्ने भएकोले वढीमा रु.एकलाख खर्च हुने गरी वडा सचिव मार्फत अमानतमा मर्मत गर्ने साथै आमचोक ७ को सैलाम सागुरी सडक वर्षातको कारण ठूलो क्षेति भइ मर्मत गर्नु पर्ने भएकोले मर्मत सम्भार कोषवाट खर्च हुने गरी रु.५०००००।(पाँचलाख) रकम खर्च गरी उपभोक्ता समिति मार्फत मर्मत गर्ने र गाउँपालिकामा रहेको आवश्यक ग्याविन जालि प्राविधिकको लागत अनुमान वमोजिम उपलब्ध गराउने निर्णय भएकोमा प्राविधिक अनुमान वमोजिम रकम अपुग हुने भएकोले सो सडक मर्मतको लागि मर्मत सम्भार कोषवाट खर्च हुने गरी रु.५,००,०००।(पाँचलाख) थप गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं ७ माथि छलफल भई आमचोक वडा नं ४ अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत खकल्ला मैनाली गाउँको सडक मर्मत तथा निर्माणको लागि गाउँपालिकामा रहेको २.१ को नौवटा ग्याबिन जालि उपलब्ध गराउने ।

**निर्णय नं.८**

प्रस्ताव नं ८ माथि छलफल भई विद्यालयको आवश्यक कागजात र गाउँशिक्षा समितिको सिफारिस वमोजिम श्री जलकन्या आधारभूत विद्यालय आमचोक-६ वेनाहाङ्गा कार्यरत कार्यालय सहयोगी उमेश राईलाई काम काज गर्न खटाइएको विद्यालयवाटै तलव भत्ता खानेगरी श्री चण्डेश्वर मा.वि.बालंखामा रिक्त रहेको पदमा काम काज गर्न खटाउने ।

प्रमुख प्रशासकीय अधिकृत 2081/10/15

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

081/10/15 अशोक राई अध्यक्ष